वर्ष ५, अंक १
असोज २०७०, September 2013

# ICAN Newsletter

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको खबरपत्र

## अध्यक्षको मन्तव्य



नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको छैठौं परिषद एवं १७ औं अध्यक्षको हैसियतमा जिम्मेवारी सम्हाल्न पाउँदा मैले निकै नै गर्वको महशुस गरेको छु । मलाई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको अध्यक्ष जस्तो गरिमामय पदमा निर्विरोध निर्वाचित गराउनु भएकोमा संस्थाका समस्त पार्षद एवं सदस्यहरूलाई धन्यबाद दिन चाहन्छु ।

चार्टर्ड एकाउन्टेन्सी शिक्षा प्रदान गर्ने तथा लेखाव्यवसायलाई नियमन गर्ने निकायको रूपमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको स्थापना भएको हो । जस अनुरूप संस्थाले भौतिक, वित्तीय तथा संस्थागत विकासको महत्वपूर्ण उपलब्धी हासिल भएतापनि विश्वका अन्य मुलुक सरह पुग्न निकै चुनौतिहरू सामना गर्न सक्षम भैसकेको अवस्था छैन । सक्षमता विकासको निमित्त संस्थाले विश्वका ठूला लेखाव्यवसायी संस्थाहरूसंग द्विपक्षीय तथा बहुपक्षीय कार्यहरूमा सक्रीय सहभागिता जनाउँदै आईरहेको छ ।

वर्तमान खुल्ला एवं प्रतिस्पर्धी अर्थतन्त्र, विश्व भुमण्डलीकरण अर्थव्यवस्थामा नेपालको लेखाव्यवसायलाई विश्व स्तरीय बनाउन संस्था तथा संस्थाको नेतृत्वले जिम्मेवारी वहन गरी सोही अनुसार कार्य सम्पादन गर्नु नितान्त आवश्यक हुन्छ । सो जिम्मेवारीलाई बहन गरी अघि बढ्न निकै चुनौतिहरू रहेपनि यस काममा सबैको सहयोग तथा सद्भाव प्राप्त हुने मैले विश्वास लिएको छु ।

**अध्यक्षको हैसियतमा हाल सम्पन्न भएका तथा संस्थाको आगामी कार्यक्रमहरूको बारेमा संक्षिप्त रूपमा निम्नानुसार प्रस्तुत गरेको छु ।**

### चार्टर्ड एकाउन्टेन्सी शिक्षा, बिद्यार्थी तथा शैक्षिक कार्ययोजना

नेपालको चार्टर्ड एकाउन्टेन्सी शिक्षालाई विश्व सामु परिचित गराउने उद्देश्य अनुरूप IFAC बाट निर्धारण गरिएका अध्ययन, तालिम, शैक्षिक सामाग्री तथा परीक्षा प्रणालीलाई अवलम्बन गर्ने कार्यलाई निरन्तरता दिईनेछ । IFRS आ.व २०७१/७२ (२०१४/१५) देखि चरणवद्धरूपमा लागु गर्ने लक्ष्य अनुरूप IFRS लाई पाठ्यक्रममा समावेश गरी २०१५ पश्चात IFRS Certification Course संचालन गर्न नपर्ने अवस्था श्रृजना गरिनेछ ।

सिए अध्ययन र यस पेशा बारेमा बिद्यार्थीहरूलाइ बढी जानकारी गराउने उद्देश्य अनुरूप करीयर काउन्सलिङ्गलाई अझ प्रभावकारी रुपमा संचालन गरिने छ । Online Study लाई सहज तथा प्रभावकारी बनाइने, Information System Audit लाई अनिवार्य कम्प्युटर तालिम भित्र समावेश गरिने, सूचना प्रविधि तालिमलाई बढी व्यवहारिक एवं सरल बनाइन र Postal तथा Hall Test लाई बढी सरल बनाउन सामान्य परिमार्जन गरिएको छ ।

GMCS तथा सुचना प्रबिधी तलिमलाई निरन्तरता दिइनेछ । सम्बन्धित क्षेत्रका विज्ञहरूलाई कार्यक्रम संचालनको निमित्त आमन्त्रण गरी उनीहरूको विज्ञताको प्रयोग गरिनेछ । जसबाट संस्थाबाट उत्पादित

## शपथ ग्रहण समारोह सम्पन्न

संस्थाको छैठौं परिषदको (दोश्रो कार्यकाल) निमित्त नवनिर्वाचित अध्यक्ष सिए. महेशकुमार गुरागाईंलाई ४ श्रावण २०७०मा एक समारोहका वीच विशेष अतिथि महालेखापरीक्षक श्री भानुप्रसाद आचार्यले पद तथा गोपनीयताको शपथ गराउनु भयो ।




महालेखापरीक्षक श्री भानुप्रसाद आचार्य नव निर्वाचित अध्यक्ष सिए. महेश कुमार गुरागाईंलाई सपथ गराउनुहुँदै ।

सिए. गुरागाईंले यस अघि छैठौं परिषदको प्रथम कार्यकालमा उपाध्यक्षको भूमिका निभाउनु भएको थियो ।




नव निर्वाचित अध्यक्ष सिए. महेशकुमार गुरागाईं नव निर्वाचित उपाध्यक्ष सिए. नरेन्द्र भट्टराईलाई सपथ गराउनुहुदै ।

उक्त समारेहमा सिए. महेशकुमार गुरागाईंले नव निर्वाचित उपाध्यक्ष सिए. नरेन्द्र भट्टराईलाई पद तथा गोपनीयताको शपथ गराउनु भएको थियो । सिए. भट्टराई छैठौं परिषदमा पार्षदमा निर्वाचित हुनु भएको थियो । सोही समारोहमा तत्कालिन अध्यक्ष सिए. मधु विर पाण्डेले नव निर्वाचित अध्यक्ष सिए. गुरागाईंलाई अध्यक्षको पदभार सुम्पनु भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि माननीय अर्थमन्त्री श्री शंकरप्रसाद कोईरालाको उपस्थिति रहेको थियो । विशेष अतिथिका रूपमा महालेखापरीक्षक श्री भानुप्रसाद आचार्य तथा अन्य अतिथिका रूपमा बीमा समितिका अध्यक्ष श्री फत्तबहादुर के.सी., धितोपत्र बोर्डका अध्यक्ष श्री बाबुराम श्रेष्ठ रहनु भएको थियो । प्रमुख अतिथि, विशेष अतिथि तथा

चार्टर्ड एकाउन्टेन्टहरू स्थानीय तथा अन्तर्राष्ट्रिय बजारमा आफ्नो स्थान बनाउन सक्षम हुनेछन् ।

CAP III तहका केही विषयका लागि आवश्यक ठानिएमा विज्ञहरूलाई विदेशबाट आमन्त्रण गरी सिए परीक्षालाई बढी नतीजामुखी तथा गुणस्तरीय बनाइनेछ । बजार प्रतिस्पर्धी बनाउनको निमित्त ISA Certification Course लाई निरन्तरता दिईनेछ । परीक्षा पद्धतिलाई IFAC बाट मान्यता प्राप्त गर्न ठोस प्रयास गरिनेछ । मौजुदा पाठ्यक्रम परिमार्जनको लागि आवश्यक कामको थालनी गरिसकिएको छ । विदेशी संस्थाबाट सिए परीक्षा उत्तीर्ण गरी संस्थाको सदस्यता प्राप्त गर्न चाहनेको हकमा परीक्षा प्रणालीमा सामान्य परिमार्जन गरिएको छ ।

लेखा प्रविधिक (AT) शिक्षालाई प्रभावकारी तथा गुण स्तरीय बनाउनको लागि एकाउन्टिङ्ग टेक्नीशियन बोर्डलाई बढी प्रभावकारी रूपमा संचालन गरिनेछ। यसका लागि नेपाल सरकारसंग समन्वय गर्न पहल गरिनेछ । यसबाट विदेशी बजारमा नेपालको पहुँच पुऱ्याउन सहयोग पुग्नेछ ।

## संस्थागत एवं मानव संशाधन विकास

नेपाल सरकारद्वारा ललितपुरको ग्वार्कोमा प्रदान गरिएको जग्गामा निर्माणाधीन संस्थाको भवनको काम सम्पन्न गर्न अन्तिम चरणमा पुगेकोछ । संस्थाको सो भवन लेखाव्यवसायीको लागि दक्षिण एशिया क्षेत्रकै उत्कृष्ट सभा, सम्मेलन, बैठक एवं अध्ययन केन्द्रको रूपमा विकास गर्न नेपाल सरकार तथा दातृ निकायसंग सहयोगको निमित्त पहल गरिनेछ ।

सुदुर पश्चिम तथा मध्य पश्चिम क्षेत्रका कार्यत सदस्यहरूको संस्थामा सहज पहुँच पुऱ्याउने उद्देश्यले नेपालगञ्जमा शाखा स्थापना गर्नको लागि आवश्यक तयारी भईरहेको छ ।

संस्थाको लेखा तथा वित्तीय प्रशासन, विभिन्न विभाग र शाखाबाट सम्पादन हुने कार्यहरूलाई ERP Based Software प्रयोग गरी Online प्रणलीमा लगिनेछ । बिद्यार्थीहरूले आफ्नो टेष्ट परीक्षा र सिए परीक्षाको नतिजा वेभबाटै हेर्न सक्ने व्यवस्था मिलाई सकिएको छ ।

पूर्वाधार विकास विना कार्ययोजना सफलताका साथ कार्यान्वयन गर्नु निकै चुनौतिपूर्ण हुन्छ । संस्थाको पूर्वाधार विकासको निमित्त आर्थिक तथा जग्गा प्रदान गरेकोमा नेपाल सरकारलाई धन्यवाद दिन चाहन्छु । भवन निर्माण पश्चात संस्थाले आफ्नो गतिविधिहरूलाई अफ द्रुत गर्न सक्षम हुने आशा गरेको छु ।

संस्थाका कर्मचारीहरू अपरिहार्य औजार भएकाले संस्थाको विकासको निमित्त सक्षम कर्मचारी आवश्यक्ता पर्दछ । संस्थालाई कर्मचारीको रोजाईको रूपमा विकास गर्ने वातावरण श्रृजना गरिनेछ । यसबाट कर्मठ, लगनशील, कुशल र सक्षम कर्मचारीलाई संस्थामा रहेर आफ्नो बृत्ति विकास गर्ने अवसर प्रदान गर्नेछ ।

## पेशागत क्षमता अभिबृद्धि

सदस्यको क्षमता अभिबृद्धि तालिम, सेमिनार, वर्गबृद्धि, ISA Audit, IFRS, International Taxation विषयको तालिमलाई परिस्कृत गरी संचालन गर्ने कामलाई निरन्तरता दिईनेछ । यसमा प्रयोगकर्ताको सहभागिताको लागि पनि आवश्यक पहल गरिनेछ ।

चार्टर्ड एकाउन्टेन्ट तथा दर्तावाला लेखापरीक्षक वीचमा यदाकदा उठने गुनासाहरू कम गर्न चार्टर्ड एकाउन्टेन्ट, दर्तावाला लेखापरीक्षक तथा सरकारी प्रतिनिधि पार्षदहरू वीच संम्वादको थालनी गरी सम्बोधनको प्रयास गरिनेछ । यस काममा तीनै पक्षबाट सामूहिक जिम्मेवारीको बोध हुने अपेक्षा गरिएकोछ ।

अनवरत व्यवसायिक शिक्षा (सि.पि.ई.) कार्यक्रमलाई बढी प्रभावकारी बनाउन online CPE को व्यवस्थाका साथै तालिम, सेमिनार एवं गोष्ठीमा IFRS तथा ISA संग सम्बन्धित सामाग्रीको प्रयोगमा जोड दिइनेछ ।

पेशागत मयार्दा बिपरित कार्यगर्ने लेखाव्यवसायी सदस्यहरूलाई अनुशासनको कारवाही तथा छानबिनमा कुनै प्रकारको भेद्भाव नगरी कार्य संचालन गरिनेछ । छानबिनबाट दोषी ठहरभएका सदस्यहरूलाई कारवाहीको दायरामा ल्याइनेछ । यस कामलाई प्रभावकारी बनाउन अधिकार सम्पन्न अनुगमन समिति स्थापना गरिनेछ । यसले मर्यादा विपरित कार्य गर्ने माथि अनुशासन कारवाहीको जानकारी प्रदान गर्न सक्नेछ जसबाट संस्थाको कार्यप्रणाली माथि प्रश्न चिन्ह खडा गर्ने अवसर प्रदान गर्ने छैन ।

## समन्वयको लागि प्रयास

स्थानीय निकाय, स्कूल, सहकारी संस्था लगायतका निकायहरूको लेखा परीक्षणलाई बढी व्यवसायिक बनाउन सरोकारवाला निकायहरू स्थानीय विकास मन्त्रालय, शिक्षा मन्त्रालय, सहकारी विभाग, आन्तरिक राजस्व विभाग, कम्पनी रजिष्ट्रारको कार्यालयसंग आवश्यक समन्वय गरी लेखापरीक्षणमा व्यवसायिकता कायम गरी एकरूपता ल्याइनेछ । यसका लागि यस विषयमा नेपाल सरकारबाट उच्च प्राथमिकता दिलाउन महालेखापरीक्षकज्यूलाई पहल गरी दिन अनुरोध गरिनेछ । लेखाव्यवसायीलाई बढी विश्वसनीय बनाउन नियमनकारी निकायसंग समन्वयको लागि सम्पर्क अधिकृतको व्यवस्था गरिनेछ ।

दुर्गम तथा लघु क्षेत्रमा लेखापरीक्षकको अभाव हुन नदिन एकव्यक्ति एक पेशालाई क्रमिक रूपमा लागु गरिएको छ । लेखापरीक्षण गर्ने काम गर्न छुट दिइएको क्षेत्रमा प्रभावकारी कार्यान्वयनका लागि अनुगमनको व्यवस्था गरिनेछ । दुर्गम तथा लघु क्षेत्रमा सदस्यको संख्या तथा लेखापरीक्षणको क्षेत्र पहिचान गर्न परामर्श सहित Member Mapping को शुरूवात गरिनेछ ।

## अन्तर्राष्ट्रिय सम्बन्ध तथा पेशागत पहिचान

IFAC, IASB, CAPA तथा SAFA जस्ता लेखाव्यवसायसंग सम्बन्धित अन्तर्राष्ट्रिय संघ संगठनहरूसंग सहकार्यको आधारमा संस्थाले प्रभावकारी भूमिका निभाउनेछ । संस्था CAPA Level मा प्रमुख भूमिका निर्वाह गर्न प्रयासरत रहनेछ ।


SAFA स्तरका पारस्परिक मान्यता प्राप्त गर्न संस्था प्रयत्नशील रहनेछ । जसबाट संस्था तथा संस्थाबाट उत्पादित चार्टर्ड एकाउन्टेन्टहरूले उचित मान्यता प्राप्त गर्न सक्षम हुनेछन् । सहमती पत्रमा हस्ताक्षर (MOU) भएका बिदेशी लेखाव्यवसायसंग सम्बन्धित संस्थासंगको सहकार्यलाई अगाडि बढाईनेछ ।

अन्त्यमा, संस्थाले निर्दिष्ट गरेको काम कारवाहीलाई सफलताका साथ सम्पादन गर्न नेपाल सरकार, महालेखा परीक्षकको कार्यालय, उपाध्यक्ष, पार्षदहरू, पूर्व अध्यक्षहरु तथा पूर्व पार्षदहरू, संस्थाका सदस्यहरू, संस्थाका कर्मचारी वर्ग, नियमनकारी निकायहरू तथा समस्त सरोकारवालाहरूको तर्फबाट आवश्यक सहयोग प्राप्त हुनेमा मलाई पूर्ण विश्वास छ ।

धन्यवाद !!!

सिए. महेशकुमार गुरागाई
अध्यक्ष

अतिथिहरूले संस्थाले हाल सम्म गरेका प्रगतीको प्रशंसा गर्नु हुँदै संस्थाको प्रगतीमा योगदान पुऱ्याउनु हुने सबैलाई धन्यवाद दिनु भयो । सबै अतिथि महानुभावहरूले नव निर्वाचित अध्यक्ष तथा उपाध्यक्षलाई बधाई दिनुहुँदै उहाँहरूको कार्यकालको सफलताको शुभकामना दिनुभएको थियो ।




कार्यक्रमका प्रमुख अतिथि, विशेष अतिथि तथा अतिथिका साथ संस्थाका पदाधिकारीहरू ।

नव निर्वाचित अध्यक्षले आफूलाई निर्विरोध निर्वाचित गरेकोमा सबै पार्षदज्यूहरूलाई धन्यवाद दिनुभएको थियो । संस्थाको भवन निर्माणको लागि नेपाल सरकारले प्रदान गर्ने आर्थिक सहयोगको प्रशंसा गर्नुहुँदै संस्थाको थप विकासमा सरकारी पक्षको सौहार्दताको आवश्यकता रहेको धारणा राख्नु भएको थियो । उहाँले बिभिन्न सरकारी आर्थिक नीति नियम निर्माणमा संस्थाले पुऱ्याउने योगदान र आवश्यकताको बारेमा समेत ध्यानाकर्षण गराउनु भएको थियो । अन्तमा अध्यक्षले संस्थासँग प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउने नियमनकारी निकाय तथा सरोकारवालाहरू सबैलाई धन्यवाद दिनु भएको थियो । साथै उहाँले विशेष अतिथि तथा नव नियुक्त महालेखापरीक्षक श्री भानुप्रसाद आचार्यलाई बधाई तथा शुभकामना दिनुभएको थियो ।

आफ्नो कार्यकाल सफल बनाउने कार्यमा पार्षदज्यूहरू, पूर्व अध्यक्षज्यूहरू, संस्थाका कर्मचारीहरू तथा संस्थाका सदस्यहरू सबैबाट पूर्ण सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो साथै आफ्नो कार्यकाल परिणाममूखी हुने धारणा व्यक्त गर्दै समारोहमा आफ्नो वार्षिक कार्ययोजना प्रस्तुत गर्नुभएको थियो ।

## उत्कृष्ट वित्तीय प्रतिवेदन पुरस्कार बितरण

छैठौं परिषदको दोश्रो कार्यकालका अध्यक्ष तथा उपाध्यक्षको शपथग्रहण कार्यक्रमको अवसरमा संस्थाले ४ श्रावण २०७० मा २०६९ सालको उत्कृष्ट वित्तीय प्रतिवेदन पुरस्कारको घोषणा गऱ्यो । समारोहमा विजयी उत्कृष्ट वित्तीय प्रतिवेदन तयार गर्ने संस्थाहरूलाई कार्यक्रममा प्रमुख अतिथि माननीय अर्थमन्त्री श्री शंकरप्रसाद कोईरालाले पुरस्कार बितरण गर्नुभएको थियो ।




वित्तीय प्रदिवेदन पुरस्कार प्राप्त गर्ने बिभिन्न संधसंस्थाका प्रतिनिधीहरूका बीच माननीय अर्थमन्त्री, अतिथिहरू तथा संस्थाका पदाधिकारीहरू ।

संस्थाले सन २००३ देखी कम्पनी तथा संघ संस्थाद्वारा सार्वजनिक जानकारीका लागि प्रकाशित गरिने वित्तीय बिवरण मध्ये वर्षको उत्कृष्ट वित्तीय प्रतिवेदनलाई BPA Award बाट पुरस्कृत गर्दै आएको छ । वित्तीय प्रतिवेदनलाई कर्पोरेट गभर्नेन्सको अवधारणालाई लागु गराउने औजारको रूपमा लिइन्छ ।

वित्तीय प्रतिवेदनहरूको मूल्यांकन साफाद्वारा तयार गरिएको ढाँचाको आधारमा हुने गर्दछ । नेपालमा उत्कृष्ट घोषित भएका प्रतिवेदनहरूलाई दक्षिण एसियाली लेखाव्यवसायी महासंघ (साफा) स्तरीय प्रतियोगितामा प्रतिस्पर्धाको निमित्त पठाउने गरिन्छ ।

२०१२ को लागि जम्मा ४ बिधामा उत्कृष्ट वित्तीय प्रतिवेदन पुरस्कार बितरण गरिएको थियो । प्रतियोगितामा निम्न बमोजिम संघसंस्थाहरू विजेता तथा उप विजेता घोषित भएका थिए ।

| क्र.स. | बिधा | प्राप्त स्थान |
|---|---|---|
| | Banking Sector Subject to Prudential Supervision | |
| १ | नबिल बैंक लिमिटेड | विजेता |
| २ | एनबी बैंक लिमिटेड | उप विजेता |
| ३ | स्टान्डर्ड चार्टर्ड बैंक लिमिटेड | तेस्रो |
| | Manufacturing Sector | |
| १ | चिलिमे हाईड्रोपावर कम्पनी लिमिटेड | विजेता |
| २ | बुटवल पावर कम्पनी लिमिटेड | उप विजेता |
| | Communication Sector | |
| १ | नेपाल दूरसंचार कम्पनी लिमिटेड (नेपाल टेलिकम) | विजेता |
| | Other Financial Sector Subject to Prudential Supervision | |
| १ | क्लिन इनर्जी डेभलप्मेन्ट बैंक लिमिटेड | विजेता |

## कन्फरेन्स सम्पन्न

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले ४ श्रावण २०७०मा काठमाडौंमा छैठौं परिषदको दोश्रो कार्यकालका अध्यक्ष तथा उपाध्यक्षको शपथग्रहण कार्यक्रमको पूर्व सन्ध्यामा XBRL, आयकर तथा एन्टी मनी लाउन्डरिङ्ग सम्बन्धी एक दिवसीय कन्फरेन्सको आयोजना गऱ्यो । कन्फरेन्समा नेपाल तथा भारतका सम्बन्धित विषयका विज्ञ व्यक्तित्वहरूले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा प्राविधिक पेपर प्रस्तुत गरिनुका साथै ती पेपरहरू माथि छलफल तथा टिप्पणी गरिएको थियो ।




संस्थाका तत्कालिन अध्यक्ष सिए. मधु विर पाण्डे कार्यक्रममा सम्बोधन गर्नुहुँदै ।

कार्यक्रमको शुरूआतमा संस्थाका तत्कालिन अध्यक्ष सिए. मधु विर पाण्डेले कन्फरेन्सको महत्व बारेमा प्रकाश पार्नु भएको थियो । कार्यक्रम तीन सेसनमा संचालन गरियो । कार्यक्रमको पहिलो सेसनमा ICAI भारतका XBRL सम्बन्धी बिज्ञ सिए. रविन्द्र वाडालीले Basics and Overview of XBRL बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो । दोश्रो तथा तेश्रो सेसनमा क्रमशः संस्थाका पूर्व अध्यक्ष सिए. सुदर्शनराज पाण्डेले Contemporary Issues in Income Tax Act तथा कार्यक्रमको तेश्रो तथा अन्तिम सेसनमा नेपाल राष्ट्र बैंकका डेपुटी डाईरेक्टर श्री डिल्लीराम न्यौपानेले Anti Money Laundering-Combating the Financing of Terrorism: Obligations for Accounting Profession सम्बन्धी प्रस्तुतिकरण गर्नुभएको थियो । सहभागी संस्थाका सदस्यहरूलाई ८ क्रेडिट आवर प्रदान गरिएको थियो । कार्यक्रममा १०४ जनाको सहभागिता रहेको थियो ।

## बिराटनगरमा कार्यशाला गोष्ठी सम्पन्न

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको आयोजनामा र मोरङ्ग व्यापार संघ तथा आन्तरीक राजश्व कार्यालय, मोरङ्गको सहभागितामा २०७० भाद्र २१ गते बिराटनगरमा आयकर तथा मूल्य अभिबृद्धि कर सम्वन्धी कार्यशाला सम्पन्न भयो ।



संस्थाका अध्यक्ष सिए. महेशकुमार गुरागाईं कार्यक्रममा संम्बोधन गर्नुहुँदै ।

संस्थाका अध्यक्ष सिए. महेश कुमार गुरागाईंको शुभारम्भ मन्तव्य दिनु भएको थियो । कार्यक्रममा पूर्वाञ्चलका विभिन्न क्षेत्रका गरी करिव १२० जना महानुभावहरूको सहभागिता रहेको थियो । तीन सत्रमा संचालित उक्त कार्यक्रममा आन्तरीक राजश्व कार्यालयका अधिकृत श्री जीवनारायण झवालीले हाल आर्थिक विधयकले गरेको परिवर्तन र फेलो चार्टर्ड एकाउन्टेन्ट सिए. जगदीश अग्रवालले समसामयिक विषयहरूको बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो । अन्तमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका अध्यक्ष, मोरङ्ग व्यापार संघका उपाध्यक्ष तथा आन्तरीक राजश्व कार्यालय, मोरङ्गका प्रमुख, संस्थाका पार्षद आरए. मोहन सुवेदी, संस्थाका बिराटनगर शाखा समन्वय समितिका संयोजक सिए. पवन राठीको समेत सहभागितामा खुल्ला छलफल कार्यक्रमको समेत आयोजना गरेको थियो । कार्यक्रमको अन्तमा शाखा समन्वय समितिका सदस्य सिए. अश्वीनी वंशलले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

## गभर्नर संग भेट



नेपाल राष्ट्र बैंकका गभर्नर श्री युवराज खतिवडाका साथ संस्थाका अध्यक्ष तथा उपाध्यक्ष ।

२०७० आश्विन ८ गते नेपाल राष्ट्र बैंकका गभर्नर श्री युवराज खतिवडा संग Nepal Financial Reporting Standards (NFRS) लागु गर्ने तथा बैंकहरूको Branch Audit का सम्बन्धमा छलफल गर्ने उद्देश्यले संस्थाका अध्यक्ष, सिए. महेशकुमार गुरागाईं, उपाध्यक्ष, सिए. नरेन्द्र भट्टराई तथा कार्यकारी निर्देशक सिए. विनय प्रकाश श्रेष्ठले भेट गर्नु भएको थियो ।

## अध्यक्ष तथा उपाध्यक्ष संग भेटघाट कार्यक्रम

संस्थाका अध्यक्ष सिए. महेशकुमार गुरागाईं तथा उपाध्यक्ष सिए. नरेन्द्र भट्टराईले ४ भाद्र २०७० मा संस्थामा कार्यरत कर्मचारीहरू संग भेटघाट गर्नुभयो । उक्त भेटघाट कार्यक्रममा अध्यक्षज्यूले संस्थाको आगामी योजना तथा कार्यक्रमका बारेमा जानकारी गराउनु भयो । कार्यक्रममा संस्थामा कार्यरत कर्मचारीहरूले संस्थाका राम्रा तथा सुधार गर्नुपर्ने पक्षका बारेमा समेत खुलेर धारणा राखेका थिए । कार्यक्रममा संस्थाले आम्दानी बढाउन सकिने संभाव्य क्षेत्रको वारेमा समेत छलफल गरिएको थियो । सो अवसरमा संस्थामा कार्यरत कर्मचारीहरूको हौसला बढाउनुका साथै अध्यक्ष तथा उपाध्यक्षसंग आफ्नो धारणा प्रत्यक्ष रूपमा राख्ने मौका प्रदान गरेको थियो । कार्यक्रमले कर्मचारीहरूको आफ्नो खुसी तथा दुखेसाका साथै मनोभावना बुझ्ने अवसर प्रदान गरेको थियो । यस्ता प्रकारका कार्यक्रमले निरन्तरता पाउनु पर्ने अधिकाशं कर्मचारीहरूको धारणा रहेको थियो । यस्ता कार्यक्रमलाई निरन्तरता दिन हरदम प्रयास गरिने धारणा अध्यक्षज्यूले राख्नु भएको थियो ।

## ईन्फरमेसन सिस्टम अडिट (आई.एस.ए) कोर्ष परीक्षाको परीक्षाफल प्रकाशित

चार्टर्ड एकाउन्टेन्टहरूको सूचना प्रविधिको क्षेत्रमा व्यवसायिक विकास, सूचना प्रविधिको सिस्टम विकास तथा सूचना प्रविधिको लेखापरीक्षणमा सहयोग पुऱ्याउने उद्देश्यले संस्थाले ICAI को प्रविधिक सहयोगमा ईन्फरमेसन सिस्टम अडिट (आई.एस.ए) कोर्ष संचालन गर्दै आईरहेको छ । चार्टर्ड एकाउन्टेन्टहरूलाई प्राविधिक रूपमा समेत सक्षम बनाउने उद्देश्य अनुरूप यो कोर्ष संचालनमा ल्यांउदै आएको हो । ईन्फरमेसन सिस्टम अडिट (आई.एस.ए) कोर्षको निमित्त जुन २२, २०१३ मा परीक्षा लिइएको थियो । परीक्षाको नतिजा अनुसार ११ जना चाटर्ड एकाउन्टेन्ट्स सदस्य परीक्षामा सफल हुनुभएको छ ।

# शिक्षा तथा परीक्षा बिभाग

## चार्टर्ड एकाउन्टेन्सी अन्तिम परीक्षाको परीक्षाफल प्रकाशित

जून २०१३ मा लिइएको चार्टर्ड एकाउन्टेन्सी अन्तिम परीक्षाको परीक्षाफल नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली २०६१, बमोजिम प्रकाशित गरियो । परीक्षाको नतिजा अनुसार CAP I तहका ४८६ बिद्यार्थीहरू CAP II को भर्नाको निमित्त योग्य भएका छन् । ती मध्ये ४४२ जना नयाँ कोर्ष र ४४ जना पुराना कोर्ष तर्फका रहेका छन् । त्यसैगरी, CAP II तहका ९८ बिद्यार्थीहरू CAP III तहको भर्नाको निमित्त योग्य भएका छन् । CAP III उत्तीर्ण गरेका १४ जना बिद्यार्थीहरू आवश्यक प्रक्रिया पूरा गरी संस्थाको सदस्यता लिन योग्य हुनेछन् ।

**२०१३ जून महिनामा संचालित परीक्षामा सहभागी तथा उत्तीर्ण तहगत रूपमा बिद्यार्थीको संख्या**

| स.नं | तह | बिवरण | पहिलो समूह | दोस्रो समूह | दुवै समूह | कूल |
|---|---|---|---|---|---|---|
| १ | CAP I(नयाँ) | सहभागी | | | | ५२५ |
| | | उत्तीर्ण | | | | ४४२ |
| २ | CAP I(पुरानो) | सहभागी | ७१ | ३३ | ६६ | १७० |
| | | उत्तीर्ण | २५ | १९ | ५ | ४९ |
| ३ | CAP II | सहभागी | १८३ | १३९ | ५७९ | ९०१ |
| | | उत्तीर्ण | ३१ | ८३ | ४४ | १५८ |
| ४ | CAP III | सहभागी | ६६ | ७१ | १०५ | २४२ |
| | | उत्तीर्ण | ९ | २० | ३ | ३२ |

## सदस्यता परीक्षा नतीजा प्रकाशित

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ४१ बमोजिम संस्थाद्वारा मे २०१३ मा संचालित सदस्यता परीक्षामा ३२ परीक्षार्थी सदस्यताको लागि योग्य भएका छन् । उक्त परीक्षाको निमित्त १६१ जनाको आवेदन परेकोमा जम्मा १५८ जना मात्र परीक्षामा सामेल भएका थिए ।

## लेखा प्राविधिज्ञ (Accounting Technician) परीक्षाफल प्रकाशित

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले ब्यापारिक क्षेत्रबाट लेखा प्राविधिज्ञको बढ्दो मागलाई परिपूर्ति गर्ने उद्देश्यले लेखा प्राविधिज्ञ कोर्षको संचालन गर्दै आइरहेको छ । बर्षमा दुई पटक मार्च तथा सेप्टेम्वरमा संचालन हुने लेखा प्राविधिकको परीक्षामा २०१३ मार्चको अन्तिम परीक्षाको निमित्त पूर्व परीक्षा उत्तीर्ण भएका १५ जना परीक्षार्थीले आवेदन फारम भरेकामा १४ परीक्षार्थीमात्र सामेल भएका थिए । जस मध्ये ८ जना परीक्षार्थीले परीक्षा उत्तीर्ण गरी लेखा प्राविधिज्ञको प्रमाणपत्र प्राप्त गर्न योग्य भएका छन् । हाल यस कोर्ष प्रति बिद्यार्थीको चासो बढ्दै गईरहेको छ ।

## जि.एम.सि.एस (GMCS) तालिम सम्पन्न



चौथो ब्याच GMCS तालिमका सहभागीका साथ संस्थाका पदाधिकारीहरू ।

संस्थाले General Management and Communication Skill (GMCS) तालिम नियमित रूपमा संचालन गर्दै आएको छ । यो तालिम CAP III , फाईनल र लेखा प्राविधिज्ञ तहको परीक्षा उत्तीर्ण गरेका बिद्यार्थीहरूले क्षमता अभिवृद्धि गर्ने प्रयोजनको लागि अनिवार्य गरिएको छ । चौथो ब्याचको निमित्त संस्थामै सेप्टेम्वर १ देखि सेप्टेम्वर १५, २०१३ सम्म संचालित उक्त तालिममा अन्तिम परीक्षामा उत्तीर्ण भएका २२ बिद्यार्थीहरू मध्ये १८ जना चार्टर्ड एकाउन्टेन्सी तथा ४ जना लेखा प्राविधिक हरूको सहभागिता थियो ।

उक्त तालिम पश्चात निर्धारित प्रक्रिया पूरा गरिसकेको अवस्थाका CAP III तथा फाईनल तहका बिद्यार्थीहरू संस्थाको सदस्यताको निमित्त योग्य मानिन्छन् । लेखा प्राविधिकहरू लेखापरीक्षण अनुमति पत्र प्राप्त गर्न योग्य हुन्छन् ।

डिसेम्वर २०११ देखि अनिवार्य गरिएको यो तालिम संस्थाबाट चार्टर्ड एकाउन्टेन्ट्स परीक्षा उत्तीर्ण गर्ने तथा लेखा प्राविधिक कोर्ष पूरा गर्ने बिद्यार्थीहरूलाई संस्थाको सिए सदस्यताको निमित्त तथा लेखापरीक्षण अनुमति पत्र प्राप्त गर्न अनिवार्य गरिएको छ । बिद्यार्थीहरूको समयलाई ध्यान दिई यो तालिम सामान्यतया CAP III तहमा कुनै एउटा समूह उत्तीर्ण गरेको अवस्थामा पनि लिन पाउने व्यवस्था गरिएको छ ।

## करीयर काउन्सलिङ्ग

चार्टर्ड एकाउन्टेन्सी शिक्षाको बढदो चाहनालाई परिपूर्ति गर्न तथा चार्टर्ड एकाउन्टेन्सी शिक्षाको महत्व बुझाउन संस्थाले देशको बिभिन्न स्थानमा नियमित रूपमा करीयर काउन्सलिङ्गको आयोजना गर्दै आएको छ । जस अनुरूप यस पटक जनमैत्री क्याम्पस र मेधा कलेज काठमाडौंमा करीयर काउन्सलिङ्ग आयोजना गरिएको थियो जसमा क्रमशः १२२ तथा ६७ जना इच्छुक विद्यार्थी तथा अभिभावकको सहभागिता रहेको थियो । अधिकृत माधव नारायण कक्षपतिले जनमैत्री क्याम्पस तथा प्राविधिक सह-निर्देशक सिए. पुष्पेन्द्र सिंह, सिए. सुरेश खकुरेल र अधिकृत माधव नारायण कक्षपतिले मेघा कलेजमा कार्यक्रम संचालन गर्नुभएको थियो ।

## पुस्तकालयमा थप पुस्तक तथा प्रकाशन सम्बन्धमा

संस्थाको शिक्षा बिभागले संस्थामा दर्ता भएका बिभिन्न तहका बिद्यार्थीहरूको आवश्यक्तालाई ध्यानमा राखी पत्रिका अवधिमा व्यवस्थापन, बित्त, लेखा, कानून तथा अन्य गरी करिव ८५ पुस्तकहरू पुस्तकालयमा थप गरेको छ । हाल संस्थाको पुस्तकालयमा बसी अध्ययन गर्ने तथा केही समयका लागि पुस्तक सापटी लिई अध्ययन गर्ने बिद्यार्थीहरूको संख्यामा बृद्धि भएको छ ।

त्यसैगरी, संस्थाले सबै तहका जुन २०१३ को अन्तिम परीक्षामा सोधिएका प्रश्नहरूको उत्तर सहितको संगालो Suggested Answers प्रकाशित गरेको छ । यसबाट बिद्यार्थीहरूले उत्तर लेख्ने शैली तथा उत्तरहरूको बारेमा राम्रो जानकारी प्राप्त गर्न सक्नेछन् । यो संगालो बिद्यार्थी वर्गका लागि अति नै उपयोगी रहदै आएको छ ।

## बिद्यार्थी विनिमय कार्यक्रम (Student Exchange Program)

हरेक वर्ष संस्थामा अध्ययन गर्ने बिद्यार्थीहरूको आत्मविश्वास तथा मनोवल बृद्धि गर्ने उद्देश्य राखी Student Exchange Program मा भाग लिन संस्थाले बिद्यार्थीहरूलाई मौका प्रदान गर्दै आएको छ । सो नीति अनुरूप यस वर्ष संस्थाबाट १० जना बिद्यार्थीहरूलाई उक्त कार्यक्रममा भाग लिने मौका उपलब्ध गराईएको थियो । सो कार्यक्रममा बिद्यार्थीहरूले आफ्नो कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यक्रम १३-१४ सेप्टेम्वर, २०१३ मा भारतको कोलकत्तामा संचालन भएको थियो ।

## बिद्यार्थी भर्ना

संस्थामा बिद्यार्थीहरूको दर्ता संख्यामा भएको बृद्धिले चार्टर्ड एकाउन्टेन्सी शिक्षा प्रति आकर्षण बढदै गईरहेको इंगित गरेकोछ । संस्थाले सरल तथा सुलभ सिए शिक्षा प्रदान गर्दै आएकोले पनि लगनशील तथा क्षमतावान बिद्यार्थीहरूको भर्ना चाप संस्थामा पर्ने गरेको हो । सिए शिक्षा उत्तीर्ण गरे पश्चात भविष्य उज्जल पार्न सकिने अवस्थाको कारणबाट पनि यस पेशा प्रति आकर्षण बढेको देखिन्छ । बिभिन्न आर्थिक बर्षमा चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा दर्ता भई सिए शिक्षा अध्ययन गर्ने बिद्यार्थीहरूको संख्या निम्न रहेको छ ।

| आर्थिक बर्ष | CAP I | CAP II | CAP III | कूल |
|---|---|---|---|---|
| २०६६/०६७ | ९५४ | ६०८ | १०१ | १६६३ |
| २०६७/०६८ | १२२३ | ५९० | १०३ | १९१६ |
| २०६८/०६९ | ५६४ | ५६७ | १०८ | १२३९ |
| २०६९/०७० | १०३८ | ६२५ | २११ | १८७४ |
| २०७० आश्विन सम्म | ७१ | २८७ | ६३ | ४२१ |

# सदस्य सेवा तथा व्यवसायिक विकास बिभाग

## सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी संस्थाको स्थिति

१ श्रावण २०७० देखि १४ आश्विन २०७० सम्म सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी संस्थाका नवीकरण स्थिति निम्न बमोजिम रहेको छ ।

| सदस्य | सदस्यता | | पेशागत प्रमाणपत्र | | लेखाव्यवसायी संस्था | |
|---|---|---|---|---|---|---|
| | कूल | नवीकरण | कूल | नवीकरण | कूल | नवीकरण |
| सिए/एफसिए | ६९५ | ४२१ | ५८० | २३१ | ४८४ | २१८ |
| आरए. बी | ३३७२ | १८९५ | ३१२९ | १४६९ | ९२१ | ६६३ |
| आरए. सी | १६११ | ८४३ | १४७५ | ७१९ | ३२८ | २०१ |
| आरए. डी | २२९४ | १२५१ | २१०० | ११२५ | २२५ | १५५ |
| कूल सदस्य | ७९७२ | ४४१० | ७२८४ | ३५४४ | १९५८ | १२३७ |

संस्थामा पेशागत प्रमाणपत्र तथा लेखा व्यवसायी नवीकरण पश्चात संस्थाका सदस्यले लेखाव्यवसाय संचालन गर्न पाउनेछन् भने नवीकरण नगर्ने सदस्यले सो व्यवसाय संचालन गर्न नपाउने कानूनी व्यवस्था छ ।

## NFRS लागु गर्ने सम्बन्धमा

नेपाल लेखामान बोर्डले अन्तर्राष्ट्रिय लेखामान बोर्डबाट जारी गरिएका IFRS अनुसार तयार पारिएका Nepal Financial Reporting Standards (NFRS) लागु गर्ने निर्णय गरेको छ । संस्थाले नेपाल लेखामान बोर्डबाट सिफारिस भएका NFRS हरू (IFRIC तथा SIC) सहित लागु गर्ने निर्णय गरेको हो । संस्थाले कुनै निकायले आफूलाई तोकिएको मिति भन्दा अगावै NFRS लागु गर्न चाहेमा लागु गर्न प्रोत्साहित गरेको छ ।

## कर्मचारी नियुक्त

२०७० भाद्र १ गते बाट लागु हुने गरी संस्थाले प्रशासनिक अधिकृत पदमा सुश्री समिता डंगोल तथा सूचना प्रविधि अधिकृतको रूपमा श्री बसन्त कृष्ण लोकेश्वर रंजितकारलाई नियुक्त गरेको छ । यस अघी निजहरू संस्थाको कर्मचारीको रूपमा क्रमशः शिक्षा बिभाग तथा सूचना प्रविधि बिभागमा कार्यरत हुनुहुन्थ्यो । दुवैजनालाई बधाई तथा उत्तर उत्तर प्रगतिको शुभकामना !!

# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सूचना

चार्टर्ड एकाउन्टेन्ट सदस्यता परीक्षा सम्वन्धमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट मिति २०७०/५/२८ मा निर्णय भई लागु गरिएका नयाँ प्रावधान निम्नानुसार भएको जानकारी गराइन्छ ।

**(१) नोभेम्बर २०१३ मा संचालन गरिने चार्टर्ड एकाउन्टेन्ट सदस्यता परीक्षा (पुरानो पाठ्यक्रम अनुसार)का सम्बन्धमाः**

क) यस संस्थाले नोभेम्बर २०१३ मा संचालन गरिने चार्टर्ड एकाउन्टेन्ट सदस्यता परीक्षा (पुरानो पाठ्यक्रम अनुसार) मा सामेल हुनको लागि आंशिक बिषयको मात्र फर्म भर्न पाईने छैन (जस्तैः तीनवटा बिषय बांकी रहेको भए तीनैवटै बिषयको वा दुईवटा बिषय बांकी रहेको भए दुइवटै बिषयको फर्म भर्नुपर्नेछ र एउटा बिषय बाँकी रहनेले मात्र एउटा बिषयको फर्म भर्न पाउनेछ) ।

ख) उपरोक्त बमोजिम परीक्षामा सामेल हुन परीक्षा फर्म भरे बमोजिम सबै बिषयमा अनिवार्य उपस्थित हुनु पर्नेछ ।

ग) परीक्षाको फर्म भरेका परीक्षार्थीले कुनै बिषयको परीक्षामा अनुपस्थित भएमा वा परीक्षा त्यागेमा अर्थात Drop गरेमा पूरै बिषयको परीक्षा अनुत्तीर्ण भएको मानिनेछ ।

घ) परीक्षा शुल्क साबिककै प्रति बिषय रु ४,०००/- (रू. चार हजार) लाग्नेछ ।

ङ) पुरानो पाठ्यक्रम अनुसार चार्टर्ड एकाउन्टेन्ट सदस्यता परीक्षा नोभेम्बर २०१३ सम्म अर्थात् अब एक पटक मात्र संचालन गरिनेछ ।

**(२) जुन २०१४ र सो पश्चात संचालन गरिने चार्टर्ड एकाउन्टेन्ट सदस्यता परीक्षा (नयां पाठ्यक्रम अनुसार) CAP-III संगै गर्ने सम्बन्धमाः**

क) यस संस्थाले जुन २०१४ र सो पश्चात चार्टर्ड एकाउन्टेन्ट सदस्यता परीक्षा (नयां पाठ्यक्रम अनुसार) चार्टर्ड एकाउन्टेन्सी अन्तिम तह (CAP-III) को परीक्षासँगै एउटै प्रश्नपत्रको आधारमा संचालन गरिनेछ । यस नयाँ व्यवस्था अनुसार संचालन गरिने चार्टर्ड एकाउन्टेन्ट सदस्यता परीक्षामा Corporate Law / Advanced Taxation गरी जम्मा दुई बिषयको रहनेछ ।

ख) दुई बिषयहरु Corporate Law र Advanced Taxation CAP-III तहको अलग अलग समूहमा रहेका बिषयहरू भएकाले Aggregate ५० प्रतिशतको व्यवस्था नगरी दुबै बिषयका परीक्षा एकै पटक दिई प्रत्येक बिषयमा ४० अंक वा सो भन्दा बढी अंक प्राप्त गरेको अवस्थामा मात्र उत्तीर्ण हुने व्यवस्था गरिएको छ ।

ग) बिषय छुट (Exemption) को सुबिधा पाउनको लागि कुनै एक बिषयमा कम्तीमा ६०प्रतिशत अंक प्राप्त गर्नु पर्नेछ र अर्को बिषयमा कम्तीमा ३० प्रतिशत अंक प्राप्त गर्नु पर्नेछ । यसरी ६० प्रतिशत अंक प्राप्त गरेको बिषयमा निजले बिषय छुट पाउनेछ र यस्तो प्रकारको छुट त्यस पछि लगत्तै दिएको तीन पटकको परीक्षा सम्म कायम रहनेछ ।

घ) एक बिषयमा बिषय छुट (Exemption) पाएको अवस्थामा मात्र अर्को बाँकी एक बिषयको परीक्षा फर्म भर्न पाइनेछ तर त्यो विषय उत्तीर्ण हुन कम्तीमा ४०% अंक ल्याउनु पर्नेछ ।

ङ) प्रत्येक पटकको परीक्षामा प्रति बिषय रू. ६,०००/- (रू. छ हजार) लाग्नेछ ।

च) पुरानो पाठ्यक्रम अनुसार परीक्षा दिई अनुत्तीर्ण भएका परीक्षार्थीहरूको हकमा जून २०१४ देखि Corporate Law मा मात्र अनुत्तीर्ण भएको भएमा Corporate Law को मात्र परीक्षा दिनु पर्नेछ र Direct Taxes वा Indirect Taxes वा दुबै बिषयमा अनुत्तीर्ण भएको भएमा Advanced Taxation बिषयको परीक्षा दिनु पर्नेछ । तीनवटै बिषय अनुत्तीर्ण भएको भएमा नयाँ पाठ्यक्रम अनुसार दुई बिषयको परीक्षा दिनु पर्नेछ ।

छ) २०१३ नोभेम्बर पछाडिका चार्टर्ड एकाउन्टेन्ट सदस्यता परीक्षामा पहिलो पटक समावेश हुन आउने परीक्षार्थीहरूको हकमा चार्टर्ड एकाउन्टेन्सी अन्तिम तह (CAP-III) मा छुट दिएका बिषयहरूमा प्रति बिषय रू. ३,०००/-(रू. तीन हजार) शुल्क लाग्नेछ ।

प्रापकको नाम र ठेगानाः

टिकट

प्रकाशक : सम्पादन समिति

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL

(Established under the Nepal Chartered Accountants Act, 1997)

बबरमहल, काठमाडौं, पो.ब.नं. ५२८९, फोनः ०१-४२५८५६९/४२६९१३०

फ्याक्सः ००९७७-१-४२५८५६८, इमेलः ican@ntc.net.np, वेबसाइटः www.ican.org.np

शाखाहरू : विराटनगर, बुटवल, वीरगञ्ज, पोखरा